सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY

CURRENT ACCOUNT • 2337087445300018

prabhu Bank

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३०१ ♦ २०८३ साल साउन ३ आइतवार ♦ 19 July 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मधेस प्रदेश : साउन १५ देखि मन्त्रालय संख्या घटाएर ९ मा सीमित हुने




**खबर दर्पण समाचारदाता**

**साउन २ गते, बर्दिवास**

मधेश प्रदेश सरकारमा साउन १५ गतेदेखि मन्त्रालयको संख्या घटाएर ९ मा सीमित गरिने भएको छ। सत्ता साझेदार दलबीच भएको सहमतिअनुसार मन्त्रालय पुनःसंरचना गर्ने तयारीसँगै मन्त्रीहरूको जिम्मेवारी हेरफेर हुने निश्चित भएको छ।

गठबन्धन दलबीच भएको सहमतिअनुसार नेपाली कांग्रेस र नेकपा (एमाले) ले तीन-तीन वटा तथा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले दुई वटा मन्त्रालय पाउनेछन्। मुख्यमन्त्रीसहित प्रदेश सरकारमा अब कुल नौ मन्त्रालय रहनेछन्। हाल भने तीनवटै दलको भागमा चार-चार मन्त्रालय रहेका छन्।

मुख्यमन्त्री तथा नेपाली कांग्रेस मधेश प्रदेश सभापति कृष्णा यादवले मन्त्रालय संख्या घटाउने विषयमा सत्ता साझेदार दलबीच निरन्तर छलफल भइरहेको बताउनुभयो। मन्त्रालयको संख्या घटेपछि मन्त्रीहरूमा हेरफेर हुनु स्वाभाविक भए पनि त्यससम्बन्धी निर्णय पार्टीभित्रको छलफलपछि मात्र हुने उहाँको भनाइ छ।

उहाँले कांग्रेसका सबै मन्त्री परिवर्तन हुने चर्चा निराधार रहेको स्पष्ट पार्दै आवश्यकताअनुसार मात्र निर्णय गरिने बताउनुभयो।

मन्त्रालय संख्या घटेसँगै नेकपा (एमाले) ले पनि आफ्नो कोटाबाट एक जना मन्त्रीलाई फिर्ता बोलाउने तयारी गरेको छ। एमाले संसदीय दलका नेता सरोजकुमार यादवले मन्त्रालय घटेपछि एक जना मन्त्री हटाउनु अनिवार्य हुने बताउँदै कार्यसम्पादनलाई मुख्य आधार बनाइने जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "मन्त्रालय संख्या घटेपछि एमालेबाट एक जना मन्त्री हट्नैपर्छ। त्यसका लागि कार्यसम्पादनको मूल्याङ्कन गरिनेछ।"

यस्तै, गठबन्धनको सहमतिअनुसार नेकपाको भागमा दुई मन्त्रालय मात्र रहने भएकाले हाल कार्यरत दुई जना मन्त्रीले सरकारबाट बाहिरिनुपर्ने अवस्था सिर्जना भएको छ।

नेकपा संसदीय दलका नेता तथा अर्थमन्त्री युवराज भट्टराईले गठबन्धन गठनकै क्रममा कांग्रेस र एमालेले तीन-तीन तथा नेकपाले दुई मन्त्रालय पाउने सहमति भएको स्मरण गराउँदै अहिले त्यसैको कार्यान्वयन हुन लागेको बताउनुभयो।

उहाँका अनुसार सरकारमा कसलाई निरन्तरता दिने भन्ने विषयमा भने अझै अन्तिम निर्णय भएको छैन। पार्टीका केन्द्रीय संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' स्वदेश फर्किएपछि यस विषयमा थप छलफल हुने उहाँले जानकारी दिनुभयो।

यसअघि कांग्रेस र एमालेबीचको सहमति राष्ट्रिय स्तरमा नै भत्किन लाग्दा मधेश प्रदेश सरकारको गठबन्धन पनि भत्किने खतरा बढेको थियो । तर सत्ता साझेदार दलका प्रदेशस्तरीय नेताहरूले अन्य प्रदेशमा विकसित राजनीतिक अवस्थाको प्रभाव मधेश प्रदेशमा नपार्न शीर्ष नेतृत्वलाई सुझाव दिएपछि हालको गठबन्धनलाई निरन्तरता दिने सहमति भएको जनाइएको छ।

## धनुषामा खैरो हिरोइन र सर्टगनका तीन राउण्ड गोलीसहित एक पक्राउ

**खबर दर्पण समाचारदाता**

**साउन २ गते, बर्दिवास**

धनुषा प्रहरीले लागूऔषध र सर्टगनका गोलीसहित एक जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार इलाका प्रहरी कार्यालय ढल्केवरबाट खटिएको प्रहरी टोलीले लुकाइछिपाइ राखिएको अवस्थामा ०.११० ग्राम खैरो हिरोइनजस्तो देखिने पदार्थ तथा सर्टगनमा प्रयोग हुने तीन राउण्ड गोलीसहित एक जनालाई नियन्त्रणमा लिएको हो।

प्रहरीले पक्राउ परेका व्यक्तिको नाम तथा ठेगाना सार्वजनिक गरेको छैन ।

बरामद गरिएको पदार्थ लागूऔषध हो वा होइन भन्ने विषयमा थप परीक्षण गरिने जनाइएको छ।


घटनाका सम्बन्धमा लागूऔषध तथा हतियारसम्बन्धी कसुर अन्तर्गत आवश्यक अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।




शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै [illegible]तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# आदिवासी जनजाति अपाङ्ग महिलाहरुको लागि दुई दिने क्षमता विकास तालिम सम्पन्न

**खबर दर्पण समाचारदाता**

**साउन २ गते, बर्दिवास**

मधेश आदिवासी जनजाति अपाङ्ग महिला संघ नेपालको आयोजनामा धनुषाको ढलकेवरमा ११ र १२ जुलाई २०२६ मा दुई दिवसिय आवसिय क्षमता विकास तालिम सम्पन्न भएको छ। आदिवासी जनजाति अपाङ्ग महिलाहरुको थप क्षमता विकास, दस्तावेजिकरण सहित (माइन्युट) लेख्न र पब्लिक स्पिकिङमा दक्षता ल्याउने उद्देश्यले तालिम आयोजना गरिएको थियो ।

तालिममा विभिन्न प्रकारका अपाङ्ता भएका व्यक्तिसहित आठ जिल्लाका ४४ जना सहभागि भएका थिए । २५ महिला र १९ पुरुष सहभागि भएको यस तालिममा जम्मा २० जना शारिरिक अपाङ्ता भएका व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रमको पहिलो दिन ११ जुलाई २०२६ विहान ९ बजेबाट शुरु भएको थियो। कार्यक्रमको उद्घाटन सत्र मिथिला नगर पालिकाकी उपप्रमुख शान्ति बुढाथोकीको प्रमुख अतिथ्यता, वडा नम्बर २ का वडाध्यक्ष विहारी महतोको विशेष उपस्थिति तथा जातिय संगठनका पदाधिकारीहरुको उपस्थितिमा सम्पन्न भएको थियो। वडाध्यक्ष महतोले आदिवासी जनजाति अपाङ्ता भएका महिलाहरुको राज्यले व्यवस्थापन गर्नुपर्नेमा जोड दिए । उपप्रमुख बुढाथोकीले आदिवासी जनजाति अपाङ्ता भएका महिलाको सन्दर्भमा पालिका गम्भिर रहेको बताउँदै सक्दो अधिकार सुनिश्चित गर्ने बताइन् । अपाङ्ता भएका व्यक्तिहरुको कार्ड वितरणमा भइरहेको शक्तिको दुरुपयोग रोक्न सबै जनाको साथ सहयोग चाहिएको उनले उल्लेख गरिन्। आदिवासी जनजाति अपाङ्ता भएका महिलाहरुको मुद्दामा काम गर्न पालिका तत्पर रहेको उनले जिकिर गरिन्। अगामी दिनमा कुनै पनि घरमा अपाङ्ता भएका बच्चा हुन नसक्ने रणनीतिमा पालिका रहेको उनले सुनाएकी थिएन् । उद्घाटन कार्यक्रममा सहभागि भएका जातिय संघ/संस्थाका प्रतिनिधिहरुले आदिवासी जनजाति अपाङ्ता भएका महिलाहरुको कठिनाई बारे राज्यको ध्यानकर्षण गर एका थिए ।

कार्यक्रमको पहिलो सत्र आयोजक संस्थाका अध्यक्ष दिपिका लामाले सहजिकरण गरेकी थिइन्। उनले आदिवासी जनजातिको पहिचान, इतिहास र विशेषता बारे उल्लखे गर्दै सत्रको शुरुवात गरेकी थिइन्। पौराणिक पहिचान उल्लेख गर्दै आदिवासी जनजाति अपाङ्गता भएका महिलाको सबाल बारे प्रस्तुति दिएकी थिइन्। आदिवासी जनजाति समुदाय जल, जंगल र जमिणसंग जुडेको भएपनि राज्यको उपेक्षामा परिरहेको बारे ब्यख्या गरिन्। आदिवासी प्राकृतिक पुजक भएपनि राज्यले उनीहरुका अस्तित्व स्वीकार नगरेको उनले उदाहरणसहित प्रष्ट गरिन्।

अर्का सहजकर्ता नेम्वार राईले आदिवासी जनजातिको पहिचान र इतिहास बारे प्रकाश पार्दै विगतमा भएको प्रयास बारे वर्णन गरेका थिए । आदिवासी जनजाति आफ्नो भाषा, जल, जंगल, जमिण, पहिचान, संस्कृति, प्रथा, पहिरण बारे उल्लेख अवको पुष्ताले यसलाई निरन्तरता दिनुपर्ने बताए । आदिवासीको सम्बन्ध प्रकृतिसंग भएको दावी गर्दै जल, जंगल र जमिणमैत्री हुने गरेको बताए । यसको बसाइँ र विशेषता बारे प्रकाश पार्दै डा. चट्टचन्दसहितको योगदान स्मरण गराए ।

जनयुद्ध मगरातकै लागि गरिएपनि राज्यले प्रतिबद्धता पुरा नगरेको उनको जिकिर थियो । राज्यले भन्ने बेलामा एउटा भन्यो र कार्यन्वयन नगरेको उनले उल्लेख गरे। विगतमा आदिवासी जनजाति महिलाहरुले भोगेको राज्यको प्रताड्ना र भोगाइ बारे उल्लेख गर्दै राज्यको नीतिभन्दा यी समुदायहरु टढा भएको जिकिर गरे । नीतिगत सुधार गर्नुपर्ने माग गर्दै परम्परा ज्ञान शिपलाई राज्यले स्वीकार गर्नुपर्ने उनको कथन छ ।

अल्पसंख्यक भएको कारण आदिवासी जनजातिको कुरा ओझेलमा परेको उनको विश्लेषण छ । यी समुदायको नाममा विभिन्न अन्तराष्ट्रिय सहयोगहरु आएपनि राज्यले तिनिहरुको पहुँच सुनिश्चित नगरेको, जसको कारण आदिवासी जनजाति विभिन्न लाभबाट बञ्चित भएको उनको टिप्पणी थियो । आदिवासी जनजाति आफ्नो उत्पादन गर्ने समान जंगलबाट ल्याउँदा राज्यले अनाहकमा मुद्दा लगाउने गरेको अनुभव उनले सुनाए । ६ प्रतिशत आदिवासीले पृथ्वीको ८० प्रतिशत वातावरणलाई र म्रो बनाएका प्रसंग ल्याउँदै आदिवासी जनजातिभित्र पनि चार वटा समुहमा वर्गिकरण



गरिएको बारे सहभागिहरुलाई प्रशिक्षण दिए । अति सीमान्तकृत, सीमान्तकृत, सुविधाबाट बञ्चितकरणमा परेका समुदाय र जनजाति समुदायभित्र उन्नत समुदाय बारे उनले उल्लेख गरेका थिए। संवैधानिक अवस्था बारे उल्लेख गर्दै रोजगारीबाट बञ्चितिकरणको चित्रण गरेका थिए । आदिवासी जनजाति संविधानको प्रमुख दुई शिक्षा र स्वास्थ्यको पहुँचमा नभएको उल्लेख गरे । प्राकृतिक स्रोत र भुमीमाथि पहँच नदिइएको कारण आदिवासी जनजाति पछाडि परेको उनको ठहर छ। केही कानूनत व्यवस्था भएपनि कार्यन्वयनमा कमजोरी देखिएका हुनाले सम्मान अवसरको आवश्यकता र पहिचानको सम्मान गर्नुपर्ने माग बारे विस्तारमा बताएका थिए। यस समुदायलाई आर्थिक सशक्तिकरणको पाटोमा जोड्नुपर्ने भन्दै विगतमा राज्य र आदिवासी जनजातिसंग धेरै सहमती भएपनि कार्यन्वयन नभएको उनले सुनाए ।

पहिलो दिनको अन्तिम सत्र कमलेश कुमार ठाकुरले सहजिकरण गरेका थिए। उनले आदिवासी जनजाति अपाङ्गता भएका महिलाहरुको मुद्दा सम्बोधन गराउने प्रमुख मानिएको वकालत बारे रहेको थियो । आफ्नो मुद्दा सम्बोधन गराउने प्रकृयासंगै उनले बोल्ने सीप बारे प्रशिक्षण दिएका थिए । सार्वजनिक पदमा बसेकाहरुसंग कसरी कुराकानी गर्ने आफ्नो मागलाई कसरी सम्बोधन गराउने, सार्वजनिक ठाउँमा बोल्दा के कस्ता कुरमा ध्यान दिने ? आफ्नो पहुँच र प्रतिनिधित्व कसरी बढाउने बारे उनले सत्र सहजिकरण गरेका थिए। यस सत्रमा रोचक रुपमा नमूना अभ्यास पनि गराइएको थियो । सार्वजनिक यातायातम आपङ्ता भएका व्यक्तिले भोग्नु पर्ने सास्ती जस्ता मुद्दा कसरी सम्बोधन गराउने विषयमा प्रयोगात्म अभ्यास गराइएको थियो । यसमा सहभागिहरुलाई नमूनाको रुपमा विभिन्न भुमिका (पद) बाँडफाट गरेर नेतृत्वमा पुग्दा यस्ता समस्यालाई कसरी सम्बोधन गर्ने र गराउने विषयमा अभ्यास केन्द्रीत रहेको थियो ।

दोस्रो दिनको पहिलो सत्र स्मरण गर्दै सुरुवात गरिएको थियो। यस सत्रमा सहजकर्ताले आदिवासी जनजाति अपाङ्ग महिलाहरुको मुख्य मागमा केन्द्रित भएर सहजिकरण गरिएको थियो । दोहरो संवाद र प्रतिक्रियात्म रुपमा सत्र सञ्चालन गर्दै समुह बनाएर माग बारे सामुहिक कार्य गर्न लगाइएको थियो। सहभागिहरुले आफ्ना भोगाइहरु, चुनौती र समस्यहरुसंग सम्बन्धित मुख्य मागहरु बारे चर्चा गरेका थिए। त्यसपछि सहभागिहरुलाई दस्तावेजमा दक्ष बनाउनको लागि माइन्युट लेखनको सैद्धान्तिक पक्षहरु सिकाएर लेख्नको अभ्यास पनि गराइएको थियो । त्यसछि समापन समारोह गरिएको थियो। मधेश प्रदेशको श्रम तथा यातायात मन्त्री सारदा थापाको प्रमुख अतिथ्यता र प्रदेश सभा सदस्य किरण साहको विशेष उपस्थितिमा सम्पन्न गरिएको थियो। मन्त्री थापा तथा प्रदेश सांसद साहको हातबाट अपाङ्गता भएका चार जनालाई इच्छाए अनुसारको घुम्ती बीउ पुँजी पनि हस्तान्तरण गरिएको थियो । सरिता राई दनुवारलाई ३० हजार, अनिता चौधरीलाई ३५ हजार, कुमारी मगरलाई ३५ हजार र नेहा मण्डललाई १५ हजार रुपैयाँ घुम्ती बीउ पुँजी अन्तरगत हस्तान्तरण गरिएको थियो ।



## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# विश्व च्याम्पियन बन्न भिड्दै स्पेन र अर्जेन्टिना



खबर दर्पण समाचारदाता

**साउन २ह गते, बर्दिवास**

फिफा विश्वकप फुटबल २०२६ को फाइनल अन्ततः युरो च्याम्पियन स्पेन र दक्षिण अमेरिकी तथा विश्व च्याम्पियन अर्जेन्टिनाबिच हुने भएको छ। जुन अर्जेन्टिनाका कप्तान लियोनेल मेसीका लागि विश्वकप ट्रफी उचाल्ने अर्को खेल बन्न सक्छ। गत मार्चमा अर्जेन्टिना र स्पेनबिच कतारको लुजाइल रङ्गशालामै खेल हुने तय भएको थियो। युरोपेली च्याम्पियन र दक्षिण अमेरिकी च्याम्पियनबिच हुने 'फिनालिसिमा' मा यी दुई टिमले खेल्नुपर्ने थियो तर अमेरिका/इजरायलले इरानमाथि आक्रमण गरेपछि सो खेल रद्द गरियो। यद्यपि यी दुई टिमबिचको भिडन्त यसै वर्ष हुनै पर्ने लेखिएको रहेछ। अब आइतबार राति न्युजर्सीमा यी दुई टिम अझ ठुलो ट्रफीका लागि एकअर्कासँग भिड्दै छन्।

यो फाइनल दक्षिण अमेरिकाविरुद्ध युरोप तथा जोसविरुद्ध अनुभवको पनि हुने छ। यो खेललाई महान् खेलाडीका रूपमा सम्भवतः अन्तिम पटक विश्वकपको मञ्चमा भिड्दै गरेका अर्जेन्टिनी लियोनेल मेसी र भविष्यमा महान् खेलाडी बन्न सक्ने खेलाडीका रूपमा लिइएका १९ वर्षीय स्पेनका विन्गार लामिने यमालको भिडन्तका रूपमा पनि लिइएको छ।

## मेसीमा हुने छ सबैको नजर

अर्जेन्टिना विश्वकप उपाधि रक्षा अभियानमा रहेको छ। चार वर्षअघि कतारमा भएको विश्वकपमा मेसीले अन्ततः विश्वकप उपाधिको पखाईलाई समाप्त पार्नुभएको थियो। सो विश्वकपमा विश्वकपमा मेसीले सात गोल गर्नुभयो। तीन गोलमा सहयोगीको भूमिका निर्वाह गर्नुभयो। फाइनलमा मात्र उहाँले दुई गोल गर्नुभयो। यसबाट थाहा हुन्छ अर्जेन्टिनालाई च्याम्पियन बनाउन मेसीको योगदान। यसपालि पनि अर्जेन्टिनाको आशा मेसीमै छ। अर्जेन्टिनाका लागि मेसीको 'वन म्यान सो' पनि जारी छ। मेसीले क्वाटरफाइनलअघि पाँच खेलमा लगातार गोल गर्नुभएको थियो। स्विट्जरल्यान्डसँगको क्वाटरफाइनल र इङ्ल्यान्डविरुद्धको सेमिफाइनलमा भने मेसीले गोल गर्न सक्नुभएन। यद्यपि सेमिफाइनलमा अर्जेन्टिनाले गरेका दुवै गोल मेसीको एसिस्टमा सम्भव भएको थियो। सो खेलमा मेसी नै प्लेअर अफ दी म्याच बन्नुभयो। यस विश्वकपमा उहाँले आठ गोल र चार एसिस्ट गरि सक्नुभएको छ। गोल्डेन बुटको होडमा उहाँ सबभन्दा अगाडि हुनुहुन्छ। पछिल्लो संस्करणमा उपाधि जित्दा मेसी ३५ वर्षको हुनुहुन्थ्यो। त्यसैले मेसीका लागि अब अर्को विश्वकप सम्भव नहुने देखिएको थियो तर अहिले ३९ वर्षको उमेरमा पनि मेसीले अझ आकर्षक फुटबल खेलिरहनुभएको छ। उहाँलाई जुलियन अल्भारेज, इन्जो फर्नान्डेज र लाउटारो मार्टिनेजले पनि अग्रपङ्क्तिमा उत्तिकै साथ दिइरहनुभएको छ।

## अर्जेन्टिनाको कठिन फाइनल यात्रा

अर्जेन्टिना सन् १९६२ मा ब्राजिलपछि विश्वकप उपाधि रक्षा गर्ने पहिलो टिम बन्ने प्रयास गर्दै छ। स्पेनलाई हराएमा अर्जेन्टिना चौथो पटक विश्वविजेता बन्ने छ। यसअघि सन् १९७८, १९८६ र २०२२ मा अर्जेन्टिना विश्व च्याम्पियन बनेको थियो। यसै गरी अर्जेन्टिनाले पछिल्ला चार विश्वकपमध्ये तीनमा फाइनल खेल्ने गौरव हासिल गरिसकेको छ। यद्यपि यसपालि अर्जेन्टिनाको सेमिफाइनलसम्मको यात्रा अपेक्षा गरेभन्दा कठिन भएको छ। विशेषतः नकआउट चरणमा अर्जेन्टिनाले तिनै खेल बल्लतल्ल जितेको हो। नवप्रवेशी केप भेर्डेलाई ३-२ ले हराउन अर्जेन्टिनालाई अतिरिक्त समयको आवश्यकता पर्‍यो। त्यसपछि प्रिक्वाटर फाइनलमा इजिप्टविरुद्ध अर्जेन्टिना अन्तिम ११ मिनेटसम्म दुई गोलले पछाडि थियो। अर्जेन्टिनाले क्वाटरफाइनलमा स्विट्जरल्यान्डलाई पनि अतिरिक्त समयमा ३-१ ले हराएको हो। स्विट्जरल्यान्ड एक खेलाडीको बेफाइदामा हुँदा पनि अर्जेन्टिनालाई सो खेलमा फाइदा पुगेको थियो। यसै गरी इङ्ल्यान्डविरुद्ध अर्जेन्टिना खेलको ८५ औँ मिनेटसम्म १-० ले पछाडि थियो। अन्तिम समयमा इन्जो र स्थानापन्न खेलाडी लाउटारोले गोल गरेपछि मात्र अर्जेन्टिनाले जिततर्फ अग्रसर इङ्ल्यान्डलाई स्तब्ध पारेको हो। यी दुवै गोलमा मेसीले सहयोग गर्नुभएको थियो। समूह चरण भने अर्जेन्टिनाले सहजै पार गरेको थियो। समूह 'जे' मा अर्जेन्टिनाले अल्जेरियालाई ३-०, अस्ट्रियालाई २-० र जोर्डनलाई ३-१ ले हराएको हो। यस विश्वकपमा अर्जेन्टिनाको सबभन्दा ठुलो विशेषता भनेको अन्तिम समयसम्म हार नमान्ने रहेको छ। अर्जेन्टिनाको टिममा पछिल्लो पटक विश्वकप जितेका २६ खेलाडीमध्ये १७ जना अहिले पनि टिममा छन्।

## स्पेनको लोभलाग्दो यात्रा

स्पेनको फाइनलसम्मको यात्रा भने अर्जेन्टिनाको जस्तो कठिन देखिएको छैन। स्पेनको फाइनलसम्मको यात्रा सहज, संयमित र लोभलाग्दो छ। लुइस डी ला फुयन्टेको प्रशिक्षकत्वमा रहेको स्पेन पहिलो खेलमा नवप्रवेशी केप भेर्डेसँग अनपेक्षित रूपमा गोलरहित बराबरीमा रोकिएको थियो। जसले गर्दा पहिलो खेलमै स्पेनको आलोचना भयो। यस खेललाई विश्वकप इतिहासकै स्तब्धकारी नतिजामध्ये एकका रूपमा लिइयो। त्यसपछि स्पेन दुई पटकको विश्वविजेता उरुग्वे र एसियाको साउदी अरबलाई हराएर समूह विजेता बन्यो।

स्पेनले यस विश्वकपमा १२ गोल गरेर एक गोल मात्र बेहोरेको छ। यस क्रममा स्पेनका गोलरक्षक उनाई सिमन्सले ६५० मिनेटपछि विश्वकपमा गोल नबेहोरेर कीर्तिमान राख्नुभयो। क्वाटरफाइनलमा बेल्जियमका फरवार्ड चार्ल्स डी केटेलारेले सानदार हेडरले गोल गरेपछि मात्र सिमन्सको कीर्तिमान थप लम्बिन पाएन। सन् २०२४ मार्चदेखि नहारेको स्पेनको निर्धारित समयमा अपराजित यात्रा ३७ खेल पुगेको छ। उसले २८ मा जित र नौ बराबरीमा खेलेको छ। समूह चरण पार गरेपछि स्पेनले फाइनलसम्मको यात्रामा लगातार युरोपकै चार बलिया टिमलाई पन्छाएको छ। मिकेल ओयरजाबलको दुई गोलले अन्तिम ३२ मा अस्ट्रियालाई हराउन स्पेनलाई गाह्रो भएन। त्यसपछि स्पेनले प्रिक्वाटरफाइनलमा क्रिस्टियानो रोनाल्डोको पोर्चुगललाई १-० र बेल्जियमलाई २-१ ले पराजित गर्‍यो। दुवै खेलमा मिकेल मेरिकोले अन्तिम समयमा स्थानापन्न खेलाडीका रूपमा मैदान प्रवेश गरी निर्णायक गोल गर्नुभएको हो। स्पेनले सेमिफाइनलमा उपाधिको प्रमुख दाबेदार स्पेनलाई एकपक्षीय खेलमा २-० ले हराएर फाइनलअघि आफ्नो मनोबल अझ उच्च पारेको छ।

स्पेन सावधानीपूर्ण र बलमाथि नियन्त्रण बनाएर आक्रमण गर्ने फुटबल खेल्दै छ। जुन शैलीमा खेलेर स्पेन सन् २०१० मा विश्वकप च्याम्पियन बनेको थियो। डी ला फुएन्टेकै प्रशिक्षकत्वमा स्पेनले सन् २०२३ मा युइएफए नेसन्स लिग र सन् २०२४ मा युरोपियन कप जितेको थियो। पछिल्लो वर्ष पनि स्पेनले नेसन्स लिगको फाइनल खेलेको थियो। स्पेन एकजुट भएर फुटबल खेल्नेमा विश्वास गर्ने टिम हो। यस टिममा रोड्री, पेड्री र फाबियन रुइज जस्ता विश्वस्तरीय मिडफिल्डर हुनुहुन्छ। सो मिडफिल्डलाई अहिलेका सनसनी 'टिनेज' विन्गार यमालको साथ छ। स्पेनका फरवार्डमध्ये अनपेक्षित रूपमा आयरजाबल पाँच गोल गरेर चम्किनुभएको छ। स्पेनी फरवार्डमा वैकल्पिक स्ट्राइकर मेरिनोको पनि चर्चा छ।

## हेड टु हेडमा बराबर

यी दुई देशबिच अहलेसम्म १४ अन्तर्राष्ट्रिय खेल भएका छन्। जसमध्ये दुवैले समान छ/छ खेल जितेका छन्। दुई खेल बराबरीमा सकिएको थियो। विश्वकप फुटबलमा स्पेन र अर्जेन्टिनाले एकअर्कासँग एक पटक मात्र सामना गरेका छन्। सन् १९६६ को समूह चरणमा भएको सो खेलमा अर्जेन्टिनाले स्पेनलाई २-१ ले पराजित गरेको थियो।



# बजेट कार्यान्वयनका लागि मधेश सरकारको ५२ बुँदे मार्गदर्शन




**खबर दर्पण समाचारदाता**
**साउन २ गते, बर्दिवास**

मधेश प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८३/८४ को बजेट प्रभावकारी रूपमा कार्यान्वयन गर्न ५२ बुँदे मार्गदर्शन जारी गरेको छ। प्रदेश सरकार मातहतका मन्त्रालय तथा कार्यालयका लेखा उत्तर दायी अधिकृतलाई लक्षित गर्दै अर्थ मन्त्रालयले उक्त मार्गदर्शन जारी गरेको हो।

अर्थ मन्त्रालयका सचिव सेवन्तक पोखरेलद्वारा जारी मार्गदर्शनमा पीएलएमबीआईएसमा प्रविष्ट भएका कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम मानिने उल्लेख गरिएको छ। सोही कार्यक्रमका आधारमा खर्च गर्ने अख्तियारी प्रदान गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय तथा मातहतका प्रदेश लेखा इकाइ कार्यालयले कार्यान्वयन निकायलाई बजेट निकासा गर्नुपर्ने व्यवस्था गरिएको छ।

मार्गदर्शनअनुसार वार्षिक स्वीकृत कार्यक्रममा विनियोजित बजेट तेस्रो त्रैमासिकसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने देखिएमा त्यस्तो रकम आगामी वैशाख ७ गतेभित्र अनिवार्य रूपमा अर्थ मन्त्रालयमा समर्पण गर्नुपर्नेछ। सो मितिपछि त्यस्तो रकम रकमान्तर गर्न नपाइने व्यवस्था गरिएको छ।

पीएलएमबीआईएसमा कुनै आयोजना, कार्यक्रम वा क्रियाकलापको नाम वा उद्देश्य एउटै भई दोहोरो प्रविष्ट भएको अवस्थामा त्यसमध्ये एउटा कार्यक्रम मात्र कार्यान्वयन गरिने पनि मार्गदर्शनमा उल्लेख गरिएको छ।

मार्गदर्शनमा भवन निर्माणका लागि विनियोजित बजेट सरकारी स्वामित्वको जग्गामा मात्र खर्च गर्नुपर्ने व्यवस्था गरिएको छ। साथै प्रदेशअन्तर्गत विभिन्न जिल्ला तथा स्थानीय तहमा सञ्चालन हुने तालिम, गोष्ठी, अन्तरक्रिया तथा यस्तै प्रकृतिका कार्यक्रम विषयगत सङ्घीय तथा प्रदेश मन्त्रालय तथा स्थानीय तहसँग समन्वय गरी दोहोरो नपर्ने गरी एकीकृत रूपमा सञ्चालन गर्न निर्देशन दिइएको छ।

सरकारी खर्चमा आयोजना गरिने कार्यक्रमका लागि सकेसम्म सरकारी निकायकै सभाहल प्रयोग गर्न तथा क्षमता विकाससम्बन्धी कार्यक्रम आर्थिक वर्षको पहिलो र दोस्रो त्रैमासिकभित्र सम्पन्न हुने गरी कार्ययोजना तयार गर्न पनि अर्थ मन्त्रालयले निर्देशन दिएको छ।

## गाँजासहित अटो चालक पक्राउ

धनुषा प्रहरीले १९ किलो १९ ग्राम गाँजासहित एक जनालाई अटोसहित पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार विशेष सूचनाका आधारमा खटिएको प्रहरी टोलीले जिल्लाको एक स्थानबाट चार पोकामा प्याक गरिएको १९ किलो १९ ग्राम गाँजा बरामद गरेको हो।

उक्त गाँजा ओसारपसारमा प्रयोग गरिएको अटोसमेत प्रहरीले नियन्त्रणमा लिएको छ। प्रहरीले गाँजासहित अटो चालकलाई पक्राउ गरी लागूऔषध सम्बन्धी कसुरअन्तर्गत थप अनुसन्धान अघि बढाएको जनाएको छ। पक्राउ परेका व्यक्तिको परिचय तथा घटनाबारे विस्तृत विवरण अनुसन्धानका क्रममा सार्वजनिक गरिने प्रहरीको भनाइ छ।

धनुषा प्रहरीले लागूऔषधको अवैध ओसारपसार तथा कारोबार नियन्त्रणलाई प्राथमिकतामा राख्दै यस्ता गतिविधिविरुद्ध निगरानी र कारबाहीलाई निरन्तर तीव्र बनाइएको जनाएको छ।-खबर दर्पण

# कांग्रेस औरहीद्वारा सदस्यता विस्तार अभियान तीव्र बनाउने निर्णय

**धवेन्द्रकुमार यादव**
**साउन २ गते, महोत्तरी**

नेपाली कांग्रेस औरही नगर कार्यसमितिले ३५ वर्षमुनिका युवा तथा युवतीलाई विशेष प्राथमिकतामा राख्दै पार्टीको सदस्यता अद्यावधिक तथा नयाँ सदस्यता विस्तार अभियानलाई तीव्र बनाउने निर्णय गरेको छ।

औरही नगरपालिका-७ स्थित सोनामाई मन्दिर परिसरमा शनिबार सम्पन्न नगर कार्यसमितिको बैठकले वडा नं. १ देखि ९ सम्म सदस्यता अद्यावधिक, नयाँ क्रियाशील तथा साधारण सदस्यता विस्तार अभियानलाई श्रावण ३ गते राति १२ बजेसम्म प्रभावकारी रूपमा सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरेको हो।

नगर सभापति जोगेन्द्र यादवको अध्यक्षतामा सम्पन्न बैठकमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य शम्भुलाल श्रेष्ठ प्रमुख अतिथि र हनुभएको थियो।

कार्यक्रममा पूर्व केन्द्रीय सदस्य महेन्द्रकुमार राय, मधेश प्रदेश कार्यसमिति सदस्य नरेन्द्र यादव, नगर उपसभापति रामविलास राय तथा जिल्ला प्रतिनिधि सुशील यादवसहित नगर कार्यसमितिका पदाधिकारी, वडा सभापति, नेता-कार्यकर्ता र शुभेच्छुकहरूको सहभागिता रहेको थियो।

बैठकको मुख्य एजेन्डा पार्टीको सदस्यता अद्यावधिक र संगठन विस्तार रहेको थियो। निर्णयअनुसार वडा समितिलाई सक्रिय परिचालन गर्दै निर्धारित समयभित्र सदस्यता अभियान सम्पन्न गरिनेछ। विशेषगरी युवा पुस्तालाई पार्टीसँग आबद्ध गराई संगठनलाई थप सुदृढ



बनाउने लक्ष्य लिइएको छ।प्रमुख अतिथि शम्भुलाल श्रेष्ठले लोकतान्त्रिक मूल्य-मान्यता, संविधान र पार्टीको सिद्धान्तलाई जनस्तरसम्म स्थापित गर्न बलियो संगठन आवश्यक रहेको बताउनुभयो।

सदस्यता विस्तारलाई केवल सङ्ख्या बढाउने अभियानका रूपमा नभई सक्षम, अनुशासित र विचारप्रति प्रतिबद्ध कार्यकर्ता उत्पादन गर्ने अभियानका रूपमा अघि बढाउनुपर्ने उहाँको भनाइ थियो।पूर्व केन्द्रीय सदस्य महेन्द्रकुमार रायले संगठन नै पार्टीको वास्तविक शक्ति भएको उल्लेख गर्दै नयाँ पुस्तालाई पार्टीसँग जोड्नु समयको आवश्यकता भएको बताउनुभयो। उहाँले वडा तहबाट योजनाबद्ध रूपमा अभियान सञ्चालन गरी निर्धारित समयभित्र लक्ष्य पूरा गर्न आग्रह गर्नुभयो।

मधेश प्रदेश कार्यसमिति सदस्य नरेन्द्र यादवले बलियो सदस्यता प्रणाली संगठन सुदृढीकरणको आधार भएको बताउँदै युवा पुस्तालाई पार्टीको विचार, नीति र लोकतान्त्रिक संस्कारसँग जोड्नुपर्नेमा जोड दिनुभयो।जिल्ला प्रतिनिधि सुशील यादवले पार्टीको विधान र प्रक्रियाअनुसार पारदर्शी रूपमा सदस्यता वितरण गर्दै प्रत्येक वडा समितिले जिम्मेवारीपूर्वक अभियान सञ्चालन गर्नुपर्ने धारणा राख्नुभयो।

नगर उपसभापति रामविलास रायले सदस्यता अभियानले पार्टीलाई जनतासँग अझ निकट बनाउने उल्लेख गर्दै युवा सहभागिता बढाउन र संगठनलाई चलायमान बनाउन सबै तहबीच समन्वय आवश्यक रहेको बताउनुभयो।

अध्यक्ष जोगेन्द्र यादवले सक्रिय सदस्य र समर्पित कार्यकर्ताकै आधारमा पार्टी बलियो हुने उल्लेख गर्दै सबै वडा समितिलाई निर्धारित समयभित्र सदस्यता अद्यावधिक तथा नयाँ सदस्यता विस्तारको लक्ष्य पूरा गर्न निर्देशन दिनुभयो। उहाँले संगठन विस्तार सँगै अनुशासन, एकता र जनसम्पर्कलाई पनि समान प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो।

बैठकले सदस्यता अद्यावधिक,नयाँ सदस्यता विस्तार तथा संगठन सुदृढीकरण सम्बन्धी प्रस्ताव सर्वसम्मत रूपमा पारित गरेको छ। बैठकको अन्त्यमा अध्यक्ष यादवले उपस्थित सबैप्रति धन्यवाद ज्ञापन गर्दै पारित निर्णय प्रभावकारी रूपमा कार्यान्वयन गर्न सबै नेता-कार्यकर्तालाई आ-आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गर्न आग्रह गर्नुभयो।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,